# पञ्चकन्या गाउँपालिका
## पञ्चकन्या अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति
पञ्चकन्या-३, थलेभञ्ज्याङ, नुवाकोट

मिति २०८३/०६/१४

## सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्वन्धी सूचना
**(सूचना नं. १ २०८३/०८४, प्रकाशित मितिः २०८३/०६/१४)**

पञ्चकन्या गाउँपालिका अन्तर्गत पञ्चकन्या अस्पताल संचालन तथा व्यवस्थापन समितिको मिति २०८३/०५/२५ गतेको निर्णयानुसार देहाय बमोजिमका सेवा/समुह/पद/तहका प्राविधिक कर्मचारी सेवा करारमा पदपुर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

देहायः

| क्र.स. | विज्ञापन नं. | सेवा/समुह | पद | तह | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | ०१/२०८३/०८४ | स्वास्थ्य | MBBS डाक्टर | अधिकृतस्तर (आठौं) | १(एक) जना | १००० |
| २ | ०२/२०८३/०८४ | स्वास्थ्य | हे.अ. | सहायकस्तर (पाँचौं) | १(एक) जना | ५०० |
| ३ | ०३/२०८३/०८४ | स्वास्थ्य | रेडियोग्राफर | सहायकस्तर (पाँचौं) | १(एक) जना | ५०० |
| ४ | ०४/२०८३/०८४ | स्वास्थ्य | फार्मेसी सहायक | सहायकस्तर (पाँचौं) | १(एक) जना | ५०० |
| ५ | ०५/२०८३/०८४ | प्रशासन | सरसफाई कर्मी | श्रेणीविहिन | ३(तीन) जना | ४०० |

**शैक्षिक योग्यता र अनुभवः**

१. **विज्ञापन नं. ०१-२०८३/०८४ को लागि** मान्यता प्राप्त शिक्षण संस्थाबाट MBBS वा सो सरह उत्तीर्ण भई सम्बन्धित परिषद्‌मा दर्ता वा नवीकरण भएको।

२. **विज्ञापन नं.०२-२०८३/०८४ को लागि** मान्यता प्राप्त शिक्षण संस्थाबाट जनरल मेडिसिनमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण भई सम्बन्धित परिषद्‌मा दर्ता वा नवीकरण भएको।

३. **विज्ञापन नं.०३-२०८३/०८४ को लागि** मान्यता प्राप्त शिक्षण संस्थाबाट रेडियोग्राफर वा सो सरह उत्तिर्ण भई सम्बन्धित परिषद्‌मा दर्ता वा नवीकरण भएको।

४. **विज्ञापन नं.०४-२०८३/०८४ को लागि** मान्यता प्राप्त शिक्षण संस्थाबाट फार्मेसी वा सो सरह उत्तिर्ण भई सम्बन्धित परिषद्‌मा दर्ता वा नवीकरण भएको।

५. **विज्ञापन नं.०५/२०८३/०८४ सरसफाई कर्मी पदको लागि** सधारण लेखपढ।

६. **दरखास्त साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धित परिषदमा नाम दर्ता भएको प्रमाणित प्रतिलिपि,
- हालसालै खिचिएको पासपोर्ट साईजको फोटो ३(तीन) प्रति,
- अनुभव भए सोको प्रमाणित पत्र,

७. **उमेरः** पुरुषको हकमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।

८. **सेवा र सुविधा :** कार्यालयको नियमानुसार हुनेछ।

९. **दरखास्त दिने अवधिः** २०८३/०६/१४ गते देखि २०८३/०६/२८ गते सम्म।

१०. **दरखास्त फारामः** पञ्चकन्या गाउँपालिकाको वेयवसाईट (www.panchakanyamun.gov.np) मा उपलब्ध छ। प्रचलित कानून अनुसार अयोग्य नठहरिएको उम्मेदवारले मात्र दरखास्त दिनुपर्नेछ।

११. **दरखास्त दस्तुरः एन.आई.सि.एशिया बैंक पञ्चकन्या गाँउपालिकाको राजश्व खाताः** ०५३०२५००७१८५४००१ मा जम्मा गरेको सक्कलै भौचर दरखास्त साथ पेश गर्नुपर्नेछ।

१२. **परीक्षा मितिः** दरखास्त दिने अन्तिम मितिको दिन तोकिनेछ।

१३. **परीक्षाको किसिमः** विज्ञापन नं. ०१-२०८३/०८४ र ०५-२०८३/०८४ को हकमा मौखिक तथा अन्य विज्ञापनको को हकमा लिखित र मौखिक ।

१४. अनुभवीलाई ग्राहयता दिईनेछ।

१५. रीत नपुगेका वा म्याद नाघी प्राप्त भएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

नोटः सबै कागजात र भौचर स्क्यान गरि PDF फाइल अस्पतालको इमेल hpanchakanya@gmail.com मार्फत समेत दरखास्त पठाउन सकिनेछ साथै थप जानकारीकोलागि मोबाईल नं. ९८५११५७९७८ मा सम्पर्क गर्न सकिनेछ ।

(तेज बहादुर तामाङ)
अध्यक्ष
पञ्चकन्या अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति

तेज बहादुर तामाङ
अध्यक्ष